मिति: २०८२/११/३० (शनिबार)

बैठक संख्या: ७१ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : विहानः ८.०० बजे ।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७१ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | — |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | — |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | — |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | — |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | — |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | — |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | — |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

**सहजकर्ता कर्मचारी**

| क्र सं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | — |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/११/३० को बैठक

बेसीशहर नगर कार्यपालिकाको कार्यालय
लमजुङ, गण्डकी प्रदेश, नेपाल

**नगर कार्यपालिकाको मिति २०८२/११/३० गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. कार्यसम्पादन मूल्याङ्कनको नतिजा सम्बन्धमा ।

३. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली सम्बन्धमा ।

४. संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना/कार्यक्रमको सम्बन्धमा ।

५. आयोजना/कार्यक्रम परिमार्जन सम्बन्धमा ।

६. फुटकर कार्यक्रम/आयोजना सम्बन्धमा ।

७. विविध

- दोश्रो चौमासिक प्रगति समिक्षा सम्बन्धमा ।
- पत्रकार महासंघको क्षमता अभिबृद्धि कार्यक्रम सम्बन्धमा ।
- गरीबसंग विश्वेश्वरतर्फको कार्यक्रम परिमार्जन सम्बन्धमा ।
- उपचार खर्च सहयोग सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८२/१०/२३ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : कार्यसम्पादन मुल्याङ्कनको नतिजा सम्बन्धमा ।**

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले आ.व. २०८३/८४ को वित्तिय समानीकरण अनुदान अन्तर्गत कार्यसम्पादन मूल्याङ्कन वापत प्रदान गरिने अनुदान सिफारिसका लागि चालु आर्थिक वर्ष २०८२/८३ मा गरेको सवै स्थानीय तहहरुको कार्यसम्पादन मूल्याङ्कनको अन्तिम नतिजा मिति २०८२/११/२७ मा वेभ साइट मार्फत प्रकाशन गरेको हुँदा उक्त नतिजा अनुसार बेसीशहर नगरपालिकाले कुल ७६.२८ अंक प्राप्त गरेको सम्बन्धमा जानकारी भै आवश्यक छलफल गरियो साथै यस उत्कृष्ठ नतिजा प्राप्तिप्रति सुखद अनुभूति महशुस गर्दै आगामी दिनमा नगरपालिकाको कार्य सम्पादनस्तरलाई अझ व्यवस्थित र प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं.३ : स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणालीको सम्बन्धमा ।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको च.नं.२९४, मिति २०८२११/१९ को प्राप्त पत्रानुसार सो मन्त्रालयले जारी गरेको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ वमोजिमको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) मार्फत आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका विषयहरुको स्वमूल्याङ्कन कार्य चालु आर्थिक वर्ष

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/११/३० को बैठक

२०८२/८३ मा तोकिए वमोजिमको समयावधिभित्र प्रविष्टी गरी सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४ : संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना/कार्यक्रमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले विगत नगरसभा अधिवेशनबाट आफ्नो श्रोतले मात्र सम्पन्न हुन नसक्ने ठुला प्रकृतिका प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रमहरु संघीय र प्रदेश सरकारका निकायहरु समक्ष माग गर्ने निर्णय भए वमोजिम यस बेसीशहर नगरपालिका भित्रका पहिलो प्राथमिकतामा रहेका आयोजना तथा कार्यक्रमहरु उच्च महत्वकासाथ आगामी आर्थिक वर्ष २०८३/८४ को बार्षिक कार्यक्रममा समावेश गरी आवश्यक बजेट विनियोजन गरिदिने व्यवस्थाको लागि नेपाल सरकार र प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ५: आयोजना/कार्यक्रम परिमार्जन सम्बन्धमा ।**

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय वमोजिमका नगरस्तनरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम परिमार्जन/स्पष्ट पारी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.बाल कल्याण मा.वि.वार्षिक र सुवर्ण महोत्सव सहयोग, बेनपा-२, खर्च संकेत नं २२५२९ | २ लाख | १.बाल कल्याण मा.वि. खानेपानी निर्माण तथा विद्यालय मर्मत, बेनपा-२ | २ लाख | २ नं वडा कार्यालयको च.नं.११११ मिति २०८२/११/२९ को पत्र समेतका आधारमा । |
| २.कृषि तथा पशु कृषिपशु प्रवर्द्धन तथा आत्मनिर्भर कार्यक्रम, बेनपा-२,खर्च संकेत नं ३११३१ | १ लाख | २. कृषकलाई उन्नत जातको धानको विउ वितरण कार्यक्रम, बेनपा-२ | १ लाख | |
| ३.विविध फुटकर कार्यक्रमहरु, बेनपा-२,खर्च संकेत नं २२७११ | २ लाख ११ हजार | ३.१ चिसापानी सामुदायिक भवनका लागि फर्निचर सहयोग, बेनपा-२ | २० हजार | |
| | | ३.२ गैरी प्रहरी विट झ्यालढोका मर्मत, बेनपा-२ | ३ हजार | |
| ४.बालकृष्ण बरालको घरतलबाट हल्लर चौतारासम्म मोटरबाटो ट्रयाक खोल्ने, बेनपा-९, खर्च संकेत नं ३११५१ | १ लाख ५० हजार | ४. बालकृष्ण बरालको घरतलबाट हल्लर चौतारासम्म गोरेटो बाटो ढलान, बेनपा-९ | १ लाख ५० हजार | ९ नं वडा कार्यालयको च.नं.६२९, मिति २०८२/११/२९ को पत्र समेतका आधारमा । |
| ५. लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा-९ | ३ लाख १८ हजार | ५.१ लालुपाते आमा समुह भवन निर्माण, बेनपा-९ | २ लाख | |
| | | ५.३ गंगा बहादुर खत्रीको घरदेखि खत्री चौतारासम्म नाला निर्माण, बेनपा-९ | ७० हजार | |
| ६.चेपाङ लगायत आदिबासी जानजाति लक्षित कार्यक्रमहरु सञ्चालन,खर्च संकेत नं २२५२९ | १ लाख ५० हजार | ६. लक्ष्मी राइस मिल तोरी पेल्ने मेसिन खरिद, बेनपा-११, चेपाङबस्ती | १ लाख ५० हजार | ११ नं वडा कार्यालयको च.नं.११८८, मिति |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/११/३० को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| | | | | २०८२/११/१९ को पत्र समेतका आधारमा । |
| ७.१देवी मन्दिर मर्मत तथा सिंढी निर्माण, बेनपा-११, कार्कीडाँडा खर्च संकेत नं ३११५९ | १ लाख ५० हजार | ७.रिठ्ठेबगर बुढीकुवा सडक ढलान, बेनपा-११ | ६ लाख ५० हजार | ११ नं वडा कार्यालयको च.नं.११९३, मिति २०८२/११/२९ को पत्र समेतका आधारमा । |
| ७.२ चिती प्रहरी चौकी जग्गा खरिद, बेनपा-११, खर्च संकेत नं ३१४११ | ५ लाख | | | |
| ८.वडा कार्यालय भवन व्यवस्थापन, बेनपा-११, खर्च संकेत नं ३१११३(नगरस्तरीय) | २ लाख | ८.सिद्धेश्वर मन्दिर कम्पाउण्डिङ, बेनपा-११ | २ लाख | |
| ९.महिला सम्बन्धी विभिन्न कार्यक्रम,(महिला सञ्जाल) बेनपा-११, खर्च संकेत नं २२५२९ | २ लाख | ९.१समृद्धि आमा समूह डिस खरिद, बेनपा-११ | ५५ हजार | |
| | | ९.२तिलाहार बजार मञ्च व्यवस्थापन एवं बजार सौन्दर्य कार्यक्रम, बेनपा-११ | १ लाख ४५ हजार | |
| १०.रामचोक जाने सडकबाट सिलवाल गाउँ जाने गो.वा बेनपा-११, खर्च संकेत नं ३११५१ | ५० हजार | १०.तिनपिप्लेबाट हटिया जाने बाटो सुधार (२०८२/१०/२३ को नि.नं ७/१२ संशोधन) | ५० हजार | |

**निर्णय नं ६: फुटकर आयोजना तथा कार्यक्रम छनौट/अनुमोदन सम्बन्धमा ।**

समुदाय/टोल/बस्तीस्तरमा समस्या भई अति आवश्यक परेका/पर्ने तर बार्षिक कार्यक्रम/बजेट बनाउँदाका वखत समेटिन नसकेका आयोजना तथा कार्यक्रमहरुमा आवश्यक वजेट विनियोजन हुन विभिन्न समुदाय/समूह/संस्थाबाट नगरप्रमुख समक्ष माग निवेदन पत्र पेश भई नगरप्रमुखबाट तोकादेश भएका देहायका आयोजना/कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

**देहाय:**

| अनुमोदित आयोजना/कार्यक्रम | बजेट विनियोजित शिर्षक | खर्च संकेत नं | विनियोजित रु. |
|---|---|---|---|
| १.श्री चनौटे प्राथमिक विद्यालय, बेनपा-६ | भैपरि आउने पूँजीगत खर्च | ३१५११ | ५० हजार |

**निर्णय नं.७: दोश्रो चौमासिक प्रगति समिक्षा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को दोश्रो चौमासिक प्रगति समीक्षा गोष्ठी मिति २०८२ चैत १६ गते सोमबारका दिन सञ्चालन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/११/३० को बैठक

**निर्णय नं.८: पत्रकार महासंघको क्षमता अभिबृद्धि कार्यक्रम सम्बन्धमा ।**

नेपाल पत्रकार महासंघ लमजुङ शाखाको मिति २०८२/११/२७ को पत्र र पत्रसाथ प्राप्त प्रस्तावना अनुसार पत्रकार तथा महासंघका सदस्यहरुलाई लक्षित गरी ३ दिने AI प्रविधि सम्बन्धी ३ दिने तालिम सञ्चालनको लागि बजेट माग गरेको सम्बन्धमा छलफल हुँदा उक्त कार्यको लागि चालु आ.व. २०८२/८३ को खर्च संकेत नं २२७११ अन्तर्गत सूचना तथा सञ्चार प्रविधि क्षमता विकास कार्यक्रम शिर्षकमा विनियोजित रु. ५,००,०००/- (पाँच लाख) मध्येबाट रु. १,००,०००/-(एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९: गरीवसंग विश्वेश्वरतर्फको कार्यक्रम परिमार्जन सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८२/८३ मा गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत सशर्ततर्फ खर्च शिर्षक नं २६३३२ मा कार्यक्रम लागु भएका स्थानीय तहमा कार्यक्रम सञ्चालन खर्चको लागि प्राप्त भएको बजेटमध्येबाट बेसीशहर नगरपालिका वडा नं १० मा मिति २०८२/१०/२३ को कार्यपालिका बैठकबाट स्वीकृत भएको कार्यक्रमलाई वडा कार्यालयको च.नं ९१६, मिति २०८२/११/२५ को सिफारिस समेतका आधारमा देहाय वमोजिम परिमार्जन गर्ने निर्णय गरियो ।

| साविक निर्णय भएको कार्यक्रम | बजेट रु. | परिमार्जित कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १. खरखरे जुडीखेत गोरेटो बाटो निर्माण, बेनपा-१० | १ लाख | सितामाई आमा समूह मिल घर संरक्षण, बेनपा-१०, | १ लाख ५० हजार |
| २. सितामाई आमा समूह मिल घर संरक्षण, बेनपा-१०, | ५० हजार | | |

**निर्णय नं १०: उपचार खर्च सहयोग सम्बन्धमा ।**

नगर कार्यपालिका सदस्य श्री विमला न्यौपाने अधिकारी विगत लामो समयदेखि स्वास्थ्योपचार/स्वास्थ्यलाभको क्रममा रहनु भएको हुँदा वहाँलाई स्वास्थ्य उपचार सहयोगस्वरुप रु. १,००,०००/-(एक लाख मात्र) खर्च शिर्षक नं २७२१९ अन्तर्गत अन्य सामाजिक सहायता कार्यक्रममा विनियोजित बजेटमध्येबाट उपलब्ध गराउने निर्णय गरियो ।

हुमान सिंह अर्याल
नगर प्रमुख